प्रस्ताव नं ३ माथी आवस्यक छलफल गर्दा यस जगन्नाथ गाउँपालीकालाई मदिरा निषेधित क्षेत्र घोषणा गर्न तपशिल बमोजिमको कृयाकलापहरु तथा जरिवाना गर्ने निर्णय गरियो ।

- लाईसेन्स भएका ब्यक्तीहरुलाई पत्राचार गरी आफ्नो वडा कार्यालयमा बोलाई छलफल गर्ने ।
- स्टोर गरिएको मदिरालाई श्रावण २५ गते राती १२ बजे सम्मको लागी छुट गरिने ।
- श्रावण महिनाको २६ गते देखी सो मदिरा फेला परेमा गा.पा.को निर्णय अनुसार जरीमाना र मदिरा नियन्त्रणमा लिने ।
- जनप्रतिनिधी, कर्मचारी, सुरक्षाकर्मी ले मदिरा सेवन गरेको पाईएमा सर्वसाधारण भन्दा दोब्बर रु. ५०००।– पहिलो पटक जरिमाना र नोकरीमा स्थाईको हकमा ग्रेड रोक्का र गा.पा. अन्तर्गतका करार कर्मचारी, शिक्षक हरुको म्याद थप नगरी स्वतह नोकरीबाट हटाईने ।
- सर्वसाधारण ब्यक्तिको हकमा मदिरा सेवन गर्नेलाई रु. २५००।– र बिक्रि बितरण गर्नेलाई रु. ५०००।– जरिवाना गरिने र दोस्रो पटक देखी दोब्बर जरिवाना गरिने छ ।
- सुराकी दिने ब्यक्तिलाई उसको नाम ठेगाना गोप्य राखी सुराकी गरे बापत जरिवानाको २०% रकम सुराकीलाई प्रदान गरिने छ ।
- सुरक्षाकर्मीले मदिरा जफत गरेबापत बाँकी जरिवानाको ५०% प्रतिशत रकम सुरक्षा कर्मीलाई प्रोत्साहन सहित प्रदान गरिने छ, र ५०% गापाको संचित कोष खातामा जरिमाना रकम दाखिला गर्ने ।